## मन्थली नगरपालिकाद्धारा चालु आ.व २०७५/०७६ को दोस्रो चौमासिक अवधिसम्म संचालित कार्यक्रमहरू तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक

# सार्वजनिक सुनुवाई

## संक्षिप्त प्रतिवेदन




**आयोजक**

मन्थली नगरपालिकाको कार्यालय मन्थली, रामेछाप

**सहजीकरण**

सामाजिक जवाफदेहिता नेटवर्क (सान) नेपाल
मन्थली,रामेछाप

**फागुन २०७५**

मन्थली नगरपालिकाद्धारा चालु आ.व २०७५/०७६ को दोस्रो चौमासिक अवधिमा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाइ

# संक्षिप्त प्रतिवेदन-२०७५

## फुलासी, रामेछाप

### १.कार्यक्रमको परिचय

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिन्छ । नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । सुशासन (संचालन तथा व्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ ।

स्थानीय सरकार संचालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने ब्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाइ संचालन गरिएको थियो । मन्थली नगरपालिका वडा नं १४, फुलासी, पोखरी डाँडामामा २०७५ फागुन ३० गतेका दिन सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको थियो ।

### २. कार्यक्रमको उद्देश्य

- मन्थली नगरपालिका तथा जिल्लाका प्रमुख कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।
- बहिर्गमन अभिमत संकलन पश्चात् आएको नतिजा सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गराउने ।
- सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- स्थानीय तहका जननिर्वाचित प्रतिनिधिहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।

### ३. कार्यक्रमको संक्षिप्त जानकारी

**सार्वजनिक सुनवाई संयोजन गर्ने ब्यक्तिको**

नाम : **उमङ्ग मैनाली**

ठेगाना : अध्यक्ष, सान नेपाल रामेछाप

सार्वजनिक सुनुवाईको विषय : **मन्थली नगरपालिकाद्धारा चालु आ.व २०७५/०७६ को दोस्रो चौमासिक अवधिमा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता**

**कार्यक्रम आयोजक** : मन्थली नगरपालिकाको कार्यालय मन्थली, रामेछाप

**सहजीकरण तथा समन्वय** : सान नेपाल रामेछाप

**कार्यक्रम विवरण**

- ❖ मिति : ३० फागुन २०७५
- ❖ स्थान : मन्थली नगरपालिका वडा नं १४, फुलासी, पोखरीडाँडा,रामेछाप
- ❖ समय : दिनको १२:३० बजेदेखि २ :३० बजेसम्म (२ घण्टा)

**४. जवाफदेही वक्ताहरु**

- ❖ मन्थली नगरपालिकाका मेयर **श्री रमेश कुमार बस्नेत**
- ❖ रामेछापका प्रमुख जिल्ला अधिकारी **श्री कृष्ण प्रसाद शर्मा**
- ❖ जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी नायव उपरिक्षक **श्री सन्तोष कुमार भट्टराई**
- ❖ मन्थली नगरपालिकाका वडा नं १४ का वडा अध्यक्ष **श्री भरतसिंह बाइवा**
- ❖ मन्थली नगरपालिकाका वडा नं १३ का वडा अध्यक्ष **श्री राजेन्द्र चौहान**
- ❖ मन्थली नगरपालिकाका वडा नं १२ का वडा अध्यक्ष **श्री कृष्णहरि अधिकारी**
- ❖ मन्थली नगरपालिकाका वडा नं १० का वडा अध्यक्ष **श्री भरत बहादुर बोहरा**
- ❖ मन्थली नगरपालिकाका वडा नं ९ का वडा अध्यक्ष **श्री बुद्धिबहादुर पुलामी**

**५.अतिथिहरु**

- ❖ यूवा संघ रामेछापका अध्यक्ष **श्री बुद्ध लामा**
- ❖ प्राविधिक शाखा प्रमुख ईन्जिनीयर **श्री डिल्लीबहादुर अधिकारी**
- ❖ नेपाल पत्रकार महासंघ रामेछापका उपाध्यक्ष **श्री कैलाश खत्री**
- ❖ सूचना तथा प्रविधि अधिकृत **श्री सन्देश चौलागाई**

**६. सार्वजनिक सुनुवाईको उपस्थिति विवरण**

| दलित | | जनजाति | | ब्राम्हण ,क्षेत्री,नेवार | | कूल | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| ०५ | ०३ | १९ | ५७ | ०८ | ४१ | ३२ | १०१ | १३३ |

**(सहभागीहरुको विस्तृत विवरण अनुसूचीमा राखिएको छ ।)**

**७. संचालन प्रक्रिया**

***प्रारम्भिक चरण***

**(क) समन्वयात्मक बैठक**

मन्थली नगरपालिकाद्धारा चालु आ.व २०७५/०७६ को दोस्रो चौमासिक अवधिसम्म संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीताको लागि मन्थली नगरपालिका मेयर श्री रमेश कुमार बस्नेत, प्रमुख प्रशासकीय अधिकृत श्री मान बहादुर खड्का, लेखा अधिकृत श्री अनन्त सापकोटा, सुचना प्रविधि अधिकृत श्री सन्देश चौलागाईं र वडा नं १४ का वडा अध्यक्ष श्री भरतसिंह वाइवासँग सान नेपालका अध्यक्ष श्री उमङ्ग मैनालीले भेटघाट गरी समन्वयात्मक छलफल पश्चात् सार्वजनिक सुनुवाई गर्ने सहमती भएको थियो । २०७५ फागुन ३० गते मन्थली नगरपालिकाको ५ वडाहरुलाई पायक पर्ने स्थान मन्थली नगरपालिका वडा नं १४,फुलासी पोखरी डाँडामा सार्वजनिक सुनुवाई संचालन गर्ने मिति तय भए पश्चात् सान नेपालले प्रस्ताव पत्र बुझाएको थियो । सोही सहमतिको आधारमा सार्वजनिक सुनवाई संचालनको लागि आवश्यक तयारी गरिएको थियो ।

**(ख) सहजकर्ताको छनौट तथा समन्वय**

मन्थली नगरपालिकाको कार्यालयले आयोजना गरेको नगरपालिका स्तरीय सार्वजनिक सुनुवाईलाई सान नेपाल रामेछापलसँग समन्वय गरी ब्यवस्थापन तथा सहजीकरणको कार्य गरिएको थियो । कार्यक्रमको सहजीकरण तथा ब्यवस्थापनको सम्पूर्ण जिम्मेवारी पाए पश्चात् सार्वजनिक सुनुवाईको सहजीकरण सान नेपाल रामेछापका अध्यक्ष उमङ्ग मैनालीले गर्नुभएको थियो । नगरपालिकाको प्रमुख,जिल्ला स्थित कार्यालय प्रमुखहरु, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा वडा अध्यक्षहरु एवं संचारमाध्यमहरुसँग नियमित सम्पर्क तथा समन्वय गरिएको थियो ।

**(ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन**

स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के के र कस्ता खालका छन् ? ती कसरी उपलव्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलव्ध गराएका छन् सो को तुलना गरि छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली,२०६५ स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि, २०६७, सुचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन- २०७४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने संस्थाका प्रतिनिधि र सहजकर्ताद्धारा गरिएको थियो ।





**(घ) बहिर्गमन अभिमत संचालन**

सार्वजनिक सुनुवाईको समन्वय तथा सहजीकरणको जिम्बेवारी पाए पश्चात् सान नेपाल रामेछापले मन्थली नगरपालिकाबाट प्रत्यक्ष सेवा तथा सुविधा लिएर कार्यालयबाट बाहिरिएका ५० जना सेवाग्राहीहरु सँग बहिर्गमन अभिमत संकलन गरेको थियो । सान नेपाल रामेछापकी प्रतिनिधि श्री संझना कार्कीले २०७५ फागुन २८ र २९ गते मन्थली नगरपालिकाको कार्यालयबाट प्रत्यक्ष सेवा लिएर फर्केका ५० जना सेवाग्राहीहरु सँग बहिर्गमन अभिमत भराउनु भएको थियो । जसमा १४ जना महिला र ३६ जना पुरुषहरुले आफूलाई नगरपालिकाको कार्यालय प्रति लागेको सेवाप्रतिको धारणा राख्नु भएको थियो । स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि २०६७ ले गरेको व्यवस्था अनुसार बहिर्गमन अभिमतको नतिजा सार्वजनिक सुनुवाईमा प्रस्तुती गरिएको थियो भने राम्रा र नगरपालिकाको सेवामा सुधारको लागि नागरिकहरुबाट प्राप्त सुझावहरु समेत प्रस्तुतीकरण गरिएको थियो । विस्तृत विवरण **अनुसूची** मा राखिएको छ ।

### (ङ) सार्वजनिक सुनुवाईको प्रचार प्रसार

मन्थली नगरपालिकाद्धारा चालु आ.व २०७५/०७६ को दोस्रो चौमासिक अवधिमा संचालित विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाइमा नागरिकहरुको सहभागीता अभिबृद्धिको लागि सूचनाको ठूलो महत्व हुने भएकाले जिल्लाको ५ वटै एफ्एम्हरु मार्फत ५ दिन अगावैबाट सार्वजनिक सुनुवाई संचालन हुने मिति, स्थान र समय खुल्ने गरी सूचना प्रशारण गरिएको थियो । साथै सबै कार्यपालिका सदस्यहरुलाई एस्एम्एस् मार्फत जानकारी गराइएको थियो । नगरपालिका कार्यालय परिसर तथा मन्थली नगरपालिका वडा नं १४ फुलासीको कार्यालय रहेको स्थानमा सूचना फ्लाक्समा प्रिन्ट गरी टाँस गरिएको थियो । त्यस्तै वडा कार्यालयहरु तथा जिल्लाका सरकारी कार्यालयहरुका प्रमुखहरुको सहभागीता सुनिश्चितकाको लागि खबर गर्ने कार्य गरिएको थियो ।




## कार्यान्वयन चरण

सामाजिक जवाफदेहिता नेटवर्क नेपाल (सान नेपाल) रामेछापको समन्वय एवं सहजीकरण तथा मन्थली नगरपालिकाको आयोजनामा संचालन गरिएको सार्वजनिक सुनुवाईमा सहभागीहरुको उपस्थिति सँगै सुरु गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेही वक्ताहरु र अतिथिहरुको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो । त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगाएत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजिवी, समाजसेवी, राजनैतिक दलका प्रतिनिधिहरु लगायतका कार्यक्रममा उपस्थित सबैलाई आशन ग्रहण गराइएको थियो । सान नेपाल रामेछापका अध्यक्ष श्री उमङ्ग मैनालीले सार्वजनिक सुनुवाई संचालन गर्नुको उद्देश्य तथा सार्वजनिक सुनुवाईमा पालना गर्नुपर्ने आचार संहिता प्रस्तुत गर्नु भएको थियो ।

सार्वजनिक सुनुवाईमा मन्थली नगरपालिकाका मेयर श्री रमेश कुमार बस्नेतले नगरपालिकाबाट चालु आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्म भएका उल्लेख्य कामहरु तथा योजना कार्यान्वयनसँग सम्बन्धित विषयहरुका साथै नगरपालिकाले भोग्नु परेको समस्याको बारेमा प्रस्तुती गर्नु भएको थियो । त्यसपछि सार्वजनिक सुनुवाईका सहजकर्ताले मन्थली नगरपालिकामा सार्वजनिक सुनुवाईपूर्व ५० जना सँग संचालन गरिएको बहिर्गमन अभिमतको नतिजा प्रस्तुत गर्नुभएको थियो । त्यसपछि प्रमुख जिल्ला अधिकारी सहित उपस्थित सबै कार्यालयका प्रमुख, नगरपालिका तथा वडा अध्यक्षहरुसँग सम्बन्धित प्रश्नको लागि खुल्ला गरिएको थियो । जवाफदेहि वक्ताहरु वडा अध्यक्ष, प्रहरी नायब उपरिक्षक तथा प्रमुख जिल्ला अधिकारीले आआफ्नो क्षेत्रसँग सम्बन्धित प्रश्नको उत्तर दिए पश्चात् सबैलाई धन्यवाद दिँदै मन्थली नगरपालिकाका मेयर श्री रमेश कुमार बस्नेतले सार्वजनिक सुनुवाईको समापन गर्नु भएको थियो ।

## ८) कार्यक्रममा भएका सवाल जवाफहरु

सार्वजनिक सुनुवाइमा मुख्य रुपमा आएका प्रश्नहरु र तिनका उत्तरहरु निम्नाअनुसार रहेका छन् :

| क्र.स | प्रश्नकर्ताको नाम र ठेगाना | प्रश्नहरु | जवाफदेहि वक्ता | जवाफ |
|---|---|---|---|---|
| १. | **मोतीलाल तामाङ**<br>मन्थली-१४ | नगरबाट बजेट विनियोजन गर्दा ५/७ लाखका योजना होइन । गुरु योजना बनाई सोही अनुसार ठूला योजनाहरु निर्माण गर्नुपर्ने देखिन्छ । अब टालटुले योजना होइन । डीपीआर बनाएर मात्र निर्माणको काम गर्नुपर्‍यो ? | **रमेश कुमार बस्नेत**<br>मेयर | मन्थली नगरपालिकाका धेरै बाटोहरुको डीपीआर बनिसकेका छन् । केही सडकहरु त पीचका योजनामा समेत परेका छन् । अधिकाँश सडकहरुको डीपीआर् भइसेका छन् । त्यसमा मात्र नगरपालिकाले लगानी गर्नेछ । साना योजनाहरु समुदाय तथा वडाबाट नै माग भएर आएकाले लगानी गरिएको हो । अब हामी साना योजनालाई क्रमश निरुत्साहीत गर्दै दीगो विकासमा लाग्नेछौं । |
| २. | **नविन लामा**<br>मन्थली-१४ | ❖ वडा नं १४ मा वडा कार्यालय छैन । अहिलेसम्म पनि जग्गा पास भएको छैन । वडा कार्यालय कहाँ रहन्छ ?<br>❖ फुलासीको पोखरीडाँडामा रहेको बजारमा पानीको धेरै समस्या भयो । कसरी दीर्घकालीन रुपमा पानीको समस्या समाधान गर्न सकिन्छ ? | **रमेश कुमार बस्नेत**<br>मेयर<br><br>**भरतसिंह वाइवा**<br>वडा अध्यक्ष-१४ | ❖ मन्थली नगरपालिकाको २,१० र १४ मा वडा कार्यालय बनाउनको लागि नगर सभाबाट निर्णय भएको थियो । वडा नं १० को प्रक्रिया सुरु भएको छ । अन्यत्र कतै बनेन । जग्गा नगरले किन्दैन । स्थानीय बासीले उपयुक्त स्थानमा व्यवस्थापन गर्नुहोला । हामी बनाउँछौं ।<br>❖ हामीलाई वडा कार्यालय जहाँ भएपनि हुन्छ । २५ लाख वडा कार्यालय निर्माणको लागि परेको थियो । जग्गा खोजौं । उपयुक्त स्थान जहाँ हुन्छ त्यहाँ वडा कार्यालय निर्माण गरौं ।<br>❖ खानेपानीमा प्रदेश सरकारको २२ करोड बजेट रहेको छ । १ करोडमा नै बन्छ भन्ने सुनिएको छ । त्यसो हुँदा ३-४ स्थानमा खनौं । |
| ३. | **कालुमान तामाङ**<br>मन्थली-१४ | कार्यालयमा काम गर्नेलाई महिनाको ७५०० तलब रहेको छ । स्वास्थ्य चौकी र वडा कार्यालयका कार्यालय सहायकको तलब धेरै छ । त्यति तलबले के गर्नु दिनको कम्तीमा ५०० पुर्‍याइदिनु पर्‍यो ? | **रमेश कुमार बस्नेत**<br>मेयर | नगरपालिकामा कार्यालय सहायक ३ थरीमा छन् । विद्यालयका कार्यालय सहायकले ७५०० मात्र पाउनु हुन्छ भनेर पहिलो पटक थाहा पाएँ । स्वास्थ्य र वडाका कार्यालय सहायकको तबल १२५०० छ । नेपाल सरकारको कार्यालय सहायको तलब १६२०० रहेको छ । समान कामको लागि समाज ज्यालाको व्यवस्था हुनुपर्छ । तथ्याँक संकलन गरी स्रोतले भ्याएसम्म हामी नगर सभाबाट छलफल गरी कार्यान्वयन गर्नेछौं । |

| | | | | |
|---|---|---|---|---|
| ४. | **बुद्ध लामा**<br>मन्थली-१४ | बजार क्षेत्रमा पानीको लागि धेरै समस्या रहेको छ । सडक, बत्तीको व्यवस्थापन छैन । बोरिङबाट पानी तानेको देखियौं पनि । अत्यन्तै अग्ला डाँडाहरुमा पनि पानी निस्कीएको छ । हामी पनि उक्त प्रविधिको प्रयोग गर्न सक्दैनौं । | **रमेश कुमार बस्नेत**<br>मेयर | नयाँ प्रविधि आएको छ । हामि पनि परीक्षण गर्दैछौं र मन्थली नगरपालिकाको सालु च्याउँके ठाँटीमा परीक्षण गर्दैछौं । प्रविधि सफल भएमा अन्यत्र पनि बोरिङबाट पानी तान्ने काम हुनेछ । दीगोपाना कस्तो हुन्छ । हामी बुझि रहेका छौं । मन्थलीका १ देखि १२ सम्म अत्यन्तै सुख्खा रहेको छ । |
| ५. | **भरतसिंह वाइवा**<br>वडा अध्यक्ष-१४ | पोखरी ऐतिहाँसिक स्थल हो । यसको संरक्षणको लागि प्रमुखज्यूले योजना बनाइदिनु पर्‍यो ? | **रमेश कुमार बस्नेत**<br>मेयर | यो फुलासी र नगरको समेत पहिचान हो । विद्यालय बनाउँदा पुरिने संभावना बढेको छ । यहाँहरुले पहिचान नष्ट हुन नदिनु होला । संरक्षणको लागि जति पैशा खर्च गर्नु परेपनि नगरपालिका तयार छ । योजना बनाएर ल्याउनु होला । |
| ६. | **नीमा लामा**<br>वडा अध्यक्ष-१४ | भूकम्प पीडितले सहुलिएत दरमा ऋण पाउने कुरा आएको छ । के गरेमा उक्त ऋण पाइन्छ ? | **रमेश कुमार बस्नेत**<br>मेयर | जुन बैंकबाट यहाँहरुले पैशा निकाल्नु भएको छ । त्यही बैंकमा आवश्यक कागजातहरु सहित जानु भएमा भूकम्प पीडितले सहुलिएत ३ लाखसम्म ऋण दिने ब्यवस्था गरेको छ । |
| ७. | **भरतसिंह वाइवा**<br>वडा अध्यक्ष-१४<br><br>**मोतीलाल तामाङ**<br>मन्थली-१४ | मन्थली नपाका कैले बुढा ८४ वर्ष हुँदासम्म पनि नागरिकता पाएनन् । यहाँ यहीँ जन्मेको, किन उहाँले नागरिकता पाउनु हुन्न ? | **कृष्णप्रसाद शर्मा**<br>प्रमुख जिल्ला अधिकारी | नेपालको सबै नागरिकहरुलाई नागरिकता दिनु र पाउनुपर्छ । नागरिकता सम्बन्धि ऐन संशोधन नभएर समस्या भएको छ । आमाको नामबाट नागरिकता दिन समेत समस्या रहेको छ । नागरिकता ऐन २०७३ संशोधन हुँदैछ । प्रक्रिया पूरा गरेपछि नागरिकता पाइन्छ । धेरै बर्षदेखि नपाएको भनेकाले मैले पनि बुझें । सबैले भुटानी सरणार्थी भने । आधार प्रमाण सहित जुटाएर मुचुल्का सहित आउनु होला । उहाँलाई कानुनीले दिए सम्म म नागरिकता दिन प्रयत्न गर्नेछु । |
| ८. | **पूर्ण बहादुर तामाङ**<br>मन्थली-१४ | एडीबीले काम सुरु गरेको फुलासी दोरम्बा सडकको काम किन ढिलाई भयो । कहिले वन, कहिले स्थानीय नागरिक त कहिले घरको मुआब्जाको समस्या देखाइएको छ । कन्ट्र्याक्टरले काम गर्न सक्दैन भन्ने पनि सुनियो । यो कार्य सम्पन्न गर्न कस्तो प्रयत्न रहनेछ ? | **कृष्णप्रसाद शर्मा**<br>प्रमुख जिल्ला अधिकारी<br><br>**भरतसिंह वाइवा**<br>वडा अध्यक्ष-१४ | ❖ केही विवाद आएको छ । मुआब्जाको समस्या देखिएको थियो । आज पनि हामी अनुगमन गर्नेछौं । ठेकेदार भाग्दैन । छिट्टै काम गराउन हामी प्रयत्न गर्नेछौं । बाटो समयमा र गुण्स्तरीय बनाउने विषयमा छलफल भएका छन् । दातृ निकायको काम हो । बीचैमा छाडेर जाने कुरामा कुनै शंका नगर्नु होला ।<br>❖ यहाँहरुले आधिकारी मानिससँग मात्र बुझ्नु पर्छ । अनावश्यक |

| | | | | |
|---|---|---|---|---|
| | | | | हल्लाहरु आएका त छन् तर सत्यता छैन । मैले पनि प्राविधिक कार्यालयमा बुझेको थिएँ । उहाँहरुको केही भनाई नै आएन । |
| ९. | **भरतसिंह वाइवा**<br>वडा अध्यक्ष-१४ | फुलासीमा रहेको प्रहरी चौकीमा महिला प्रहरी छैनन् । महिला प्रहरी भए महिलाको समस्या राख्न र समाधान गर्न सजिलो हुने थियो । ब्यवस्थापन गर्न सकिन्छ ? | **सन्तोष कुमार भट्टराई**<br>प्रहरी नायब उपरिक्षक | महिला प्रहरी नहुँदा महिलाहरुलाई समस्या भएको छ । महिला प्रहरी हुँदा निर्धक्कले कुरा राख्न सक्थे । जिल्लामा ६० प्रतिशत मात्र दरबन्दी रहेको छ । प्रहरी चौकीमा पनि १० जना चाहिले ७ जना मात्र छ । यो पनि अन्य चौकीको तुलनामा धेरै हो । हामी यहाँले भनेको कुरामा सचेत छौं । कर्मचारी ब्यवस्थापन भइ आएमा पठाउन सकिनेछ । |
| १०. | **नीमा लामा**<br>वडा अध्यक्ष-१४ | फुलासीमा प्रहरी चौकी कहाँ बन्छ ? | **सन्तोष कुमार भट्टराई**<br>प्रहरी नायब उपरिक्षक | यहाँहरु स्थानीयले जग्गा दिनु भएको रहेछ । म आज पनि गएर हेर्छु । उपयुक्त रहेमा म लेखी पठाउँछु । |
| ११. | **पूर्ण बहादुर तामाङ**<br>मन्थली-१४ | उपभोक्ता समिति गठन भएको छ । पोखरीडाँडा बिस्ली सडकको काम आधा भएर बसेको छ । माथिल्लो भागमा कहिले काम हुन्छ ? | **भरतसिंह वाइवा**<br>वडा अध्यक्ष-१४ | २० लाख संसद विकास कोषको बजेटबाट उक्त कार्य भएको हो । बाघखोर-केराघारी-देवीटार सडक रहेको छ । निर्माण कार्य कै क्रममा रहेको हुँदा हामी पूर्वाधार कार्यालयमा पनि कुरा गरि रहेका छौं । |
| १२. | **रामशरण खत्री**<br>मन्थली-१२ | ❖ भण्डार लिफ्ट खानेपानीको काम कहिले सम्पन्न हुन्छ ?<br>❖ गेलुको बनहरु डडेलोको उच्च जोखिममा छ । नियन्त्रणको लागि यहाँहरुको योजना के छ ?<br>❖ सामुदायिक विद्यालय सुधारको लागि यहाँहरुले कस्तो योजना बनाउनु भएको छ ?<br>❖ निर्माणाधिन कोसी करिडोरको काम कहिले सम्पन्न हुन्छ ?<br>❖ खिम्ती-गेलु जोड्ने पूल कहिले बन्छ ? | **कृष्णहरि अधिकारी**<br>वडा अध्यक्ष-१२ | ❖ ४ वर्ष अगाडि भण्डारमा सर्वे भएको थियो । २३ लाखको लाख हुने भनिएको छ । ३ वर्ष भयो काम सुरु भएको । पहिलो वर्ष इनारको काम, दोस्रो वर्ष भवनको काम, तेस्रो वर्ष पोलिङको काम भएको छ । बजेटको अन्यौल भएको छ । कहिले सम्पन्न हुन्छ मलाई पनि थाहा छैन ।<br>❖ मन्थली नगरपालिकाका ११ र १२ कोसीसँग जोडिएको बन क्षेत्रमा रहेको छ । तलबाट आगलागी भएर आउँछ । कसले लगाउँछ थाहा हुँदैन । नियन्त्रणको लागि सबैलाई सचेत गराइएको छ ।<br>❖ नगरपालिकाले सामुदायिक विद्यालयको सुधारको लागि केही कार्यहरु सुरुवात् गरिएको छ । वडा नं १२ मा २ वटा विद्यालय छन् । जनप्रतिनिधि, विद्यालय ब्यवस्थापन समिति, शिक्षक सँग विद्यालय सुधारको लागि छलफल भएको छ । यो वर्ष पनि छलफल गर्ने तयारी गरेको छु । २ विद्यालयका शिक्षकलाई उत्कृष्ठ |

| | | | | |
|---|---|---|---|---|
| | | | | डहु माविमा अवलोकन भ्रमणमा लैजाने तयारी गरिएको छ ।<br>❖ कोसी करिडोर सम्पन्न गर्न बीचमा पहिरो भएकाले समस्या आएको छ । काम गरि रहेका छौं । यत्ति नै समयमा सम्पन्न हुन्छ भनेर भन्न सक्दिन ।<br>❖ खिम्ती-गेलु जोड्ने पूल निर्माणको लागि डीपीआर् भएको छ । प्रदेश सरकारको बजेट तथा योजनामा परेको छ । स्थान टुङ्ग्याउँदैछौं । २ पटक खिम्तीसँग आवश्यक छलफल भइसकेको छ । |

**९. सार्वजनिक प्रतिवद्धता कार्यान्वयनको अवस्था**

स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ ले गरेको व्यवस्था अनुसार अघिल्लो सार्वजनिक सुनुवाईमा भएका प्रतिबद्धता कार्यान्वयनको अवस्थाको विषयमा सार्वजनिक सुनुवाईमा जानकारी गराउनु पर्ने व्यवस्था अनुसार २०७५ कात्तिक २९ गते नगरपालिका परिसर मन्थलीमा भएको सार्वजनिक सुनुवाईमा भएका ३ वटा सार्वजनिक प्रतिबद्धताहरु कार्यान्वयनको अवस्था यस प्रकार रहेको थियो :

**प्रतिवद्धता नं १** मन्थली नगरपालिकाको वडाहरुबाट संचालन गरिने योजनाहरुको अनिवार्य अनुगमन पश्चात् मात्र फछ्यौट गर्ने/गराउने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

**कार्यान्वयनको अवस्था** : नगरपालिकाबाट संचालित योजनाहरुको अनुगमन पश्चात् मात्र भुक्तानी दिने गरिएको ।

**प्रतिवद्धता नं २** रामेछापका सडकमा संचालन हुने सबारी साधनले भाडा बढी लिएको गुनासालाई मध्यनजर गर्दै यथासक्य छिटो भाडादर अनुसार कार्यान्वयन गर्न/गराउन प्रतिबद्धता ब्यक्त गर्दछौं ।

**कार्यान्वयनको अवस्था** : जिल्ला प्रशासन कार्यालय रामेछापको पहलमा नगर क्षेत्रभित्र सार्वजनिक यातायात संचालन हुने स्थानको भाडा दर निर्धारण भई सबै सार्वजनिक सवारी साधनमा भाडादर टाँस गर्ने कार्य भइरहेको ।

**प्रतिवद्धता नं** ३ मन्थली नगरपालिकाका वडा कार्यालयबाट नै सेवा प्रवाह नभएको सन्दर्भमा यही मंसिर १५ गतेभित्र अनिवार्य सबै वडा कार्यालयहरुबाट नै सेवा प्रवाह गर्न/गराउन प्रतिबद्धता ब्यक्त गर्दछौं ।

**कार्यान्वयनको अवस्था** : सम्बन्धित वडाको पायक पर्ने स्थानमा वडा कार्यालय स्थापना गरी कार्यालय संचालन गर्न गरिएको प्रयासको परिणाम स्वरुप अधिकांश वडा कार्यालयहरु सम्बन्धित वडाबाटै संचालन भएका । साथै वडा नं २, ३, ४ र ५ को सम्पर्क कार्यालय मन्थलीमा नै रहेको ।

**१०. सार्वजनिक प्रतिवद्धता**

सार्वजनिक सुनवाइमा कुनै सार्वजनिक प्रतिवद्धताहरु भएनन् ।

## ११.कार्यक्रमको सवल पक्षहरु

- ❖ स्थानीय तहका निर्वाचित प्रतिनिधिहरु तथा जिल्लाका कार्यालय प्रमुखहरुको सहभागीतामा संचालन गरिएको ।
- ❖ मन्थली नगरपालिकाको भौतिक र बित्तीय प्रगती प्रस्तुत गरिएको ।
- ❖ सहभागीहरुबाट उठान गरिएका विभिन्न सवालहरु तथा सुझावहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ दिईएको ।
- ❖ स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।
- ❖ जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।
- ❖ नागरिकको सहभागीता बृद्धिको लागि कार्यक्रममा ठूला फ्लाक्सीट बनाई नगरपालिका तथा वडा कार्यालय परिसरमा टाँस गरिएको ।
- ❖ सेवाग्राहीहरुबाट सन्तुष्टी मापन गर्न बहिर्गमन अभिमत संचालन गरी नजिता सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएको ।
- ❖ जिल्लाका महत्वपूर्ण कार्यालयका प्रमुखहरु पनि जवाफदेहि बक्ताको रुपमा रहेका ।

## १२. सुधार गर्नुपर्ने पक्षहरु

- ❖ नागरिक प्रतिवेदन पत्र समेत संकलन गरी सोको नतिजाका आधारमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरे अझै प्रभावकारिता बढ्ने ।
- ❖ समय पर्याप्त राखी कार्यक्रमको प्रचार प्रशारमा ध्यान दिनु पर्ने ।
- ❖ नगर सभाका सबै जनप्रतिनिधिहरुलाई अनिवार्य सहभागी गराउनु पर्ने ।
- ❖ पर्चा पम्प्लेट तयार गरी वडा तथा बस्ती स्तर सम्म प्रचार प्रसार गर्न सके प्रभावकारी हुने ।
- ❖ सार्वजनिक सुनुवाईको स्थानीय एफएम्बाट प्रत्यक्ष प्रशारण गर्न सके थप प्रभावकारी हुने ।
- ❖ वडा स्तरमा समेत सार्वजनिक सुनुवाई संचालन गर्नुपर्ने ।

## १३.समस्याहरु

- ❖ नागरिक प्रतिवेदन पत्र संचालन गर्न नसक्नु ।
- ❖ उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा केही वडा अध्यक्ष लगाएत अन्य जनप्रतिनिधिहरु सहभागी नभएका ।
- ❖ निर्धारित समयमा सार्वजनिक सुनुवाई सुरु गर्न नसकिएको ।
- ❖ खेतीको सिजन भएकाले नागरिकहरुको कम सहभागीता भएको ।
- ❖ जिल्लाका प्रमुख ८ वटा कार्यालय प्रमुखहरुलाई पत्राचार गरिएको भएतापनि ६ कार्यालय प्रमुखहरुको उपस्थिति नभएको ।
- ❖ नेपाल बन्दको हल्लाका कारण कार्यक्रम स्थल जान तथा सहभागी जुटाउन गाह्रो भएको ।

## १४.निष्कर्ष

रामेछाप जिल्लाका प्रमुख कार्यालयहरु तथा मन्थली नगरपालिकाको काम कारबाही, सेवा प्रबाह,योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच अन्तरक्रिया गराउँदै जनप्रतिनिधिहरु तथा सम्बन्धित कर्मचारीहरुलाई जवाफदेही बनाउने एवं सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । मन्थली नगरपालिकाको आयोजना तथा सान नेपाल रामेछापको सहजीकरणमा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले खानेपानीको समस्या, वडा कार्यालयको ब्यवस्थापन, पोखरी

संरक्षण, मिल्ती-फुलासी-दोरम्बा सडकको कार्य, प्रहरी चौकी भवन निर्माण लगाएतका विषयमा प्रश्न तथा सुझाव दिएका थिए ।

प्रमुख जिल्ला अधिकारी ,प्रहरी नायप उपरीक्षक तथा जन निर्वाचित प्रतिनिधिहरुको उपस्थितिमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरुको उल्लेख्य सहभागीता रहेको थियो । सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी सर्वसाधारणहरुले प्रश्नहरु राखी तत्काल समाधान पाएका थिए । प्रश्नकर्ता नागरिकहरुले राज्यले सरकारी क्षेत्रमा लगानी गर्ने तर राम्रो प्रतिफल नआइरहेको सन्दर्भमा विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समेत प्रभावकारी कार्यहरु गर्नुपर्ने बताएका थिए । सार्वजनिक सुनुवाईका सेवाग्राहीहरु बहिर्गमन अभिमत संकलन गरी प्राप्त नतिजा सरोकारवालाहरुलाई जानकारी गराएबाट पनि सार्वजनिक सुनुवाई प्रभावकारीता झन् बढेको देखिन्छ । कार्यविधिले व्यवस्था गरे अनरुप नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ । नगरपालिका सहितका जिल्लामा नागरिकहरुको बढी सहभागीता रहने जिल्ला प्रशासन, जिल्ला प्रहरी कार्यालय लगाएतका कार्यालयका प्रमुखहरुको सहभागीता रहेबाट पनि सार्वजनिक सुनुवाई फलदायी भएको देखिन्छ । जिल्लाका कार्यालय प्रमुख तथा संचारमाध्यमहरुलाई समेत वडा तथा नगरपालिकाको केन्द्रमा उपस्थिति गराई सार्वजनिक गर्न सके प्रभावकारीता अझै बढ्ने देखिन्छ ।

**समाप्त**

# अनुसुची-१

## तस्वीरमा सार्वजनिक सुनुवाई




सार्वजनिक सुनुवाईमा वडा नं १४ ले गरेका कामको बारेमा बताउनु हुँदै वडा अध्यक्ष श्री भरतसिँह वाइवा



सार्वजनिक सुनुवाईका सहभागीहरु



सार्वजनिक सुनुवाईमा प्रश्न गर्दै स्थानीय नागरिक




सार्वजनिक सुनुवाईमा उठेका प्रश्नको उत्तर दिनु हुँदै प्रहरी नायब उपरिक्षक श्री सन्तोष कुमार भट्टराई




सार्वजनिक सुनुवाईमा उठेका प्रश्नको उत्तर दिनु हुँदै प्रमुख जिल्ला अधिकारी श्री कृष्णप्रसाद शर्मा




सार्वजनिक सुनुवाईमा नगरपालिकाको भौतिक तथा वित्तीय प्रगती प्रस्तुत गर्नु हुँदै मन्थली नगरपालिकाका मेयर श्री रमेश कुमार बस्नेत

**अनुसूची-२**

## बहिर्गमन अभिमत

(Exit Poll)

**संक्षिप्त प्रतिवेदन**

मन्थली नपा

**३० फागुन २०७५**

| | | | | | |
|---|---|---|---|---|---|
| **संचालन गरिएको अवधि** | | **देखि** | फागुन २८ | **सम्म** | फागुन २९ |
| **जम्मा सेवाग्राही** | ५० जना | **महिला** | १४ जना | **पुरुष** | ३६ जना |

**१) कार्यालयमा देहायका कुन कामको लागि आउनु भएको हो ?**

| **शीर्षक** | **अंक** | **कैफिएत** |
|---|---|---|
| सिफारिस लिन/पुऱ्याउन | ५ | |
| दर्ता/नविकरण | ४ | |
| आर्थिक सहयोग लिन | ६ | |
| योजना वा कार्यक्रम माग गर्न | २ | |
| योजनाको किस्ता लिन | ५ | |
| योजनाको मूल्यांकन गराउन | ४ | |
| योजनाको अन्तिम भुक्तानी लिन | ३ | |
| स्थानीय निकायले राखेको सूचना प्राप्त गर्न | ४ | |
| सूचनामूलक सामग्री प्राप्त गर्न | २ | |
| अन्य कुनै भए (**राजश्व बुझाउन,प्राविधिक सहायता, नक्सा पास, छलफल** ) | १५ | |
| **जम्मा** | ५० | |

**२. नागरिकहरुबाट प्राप्त अभिमत**

| **सि.नं.** | **सेवाको नाम** | **मूल्यांकन-उपयुक्त कोष्ठमा रेजा ( ) लगाउने** | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | सेवा लिंदा कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट | | ठीकै | | अस्पष्ट | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | ३१ | ६२ | १६ | ३२ | ३ | ६ |
| २ | सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझेजस्तो लाग्यो ? | अति धेरै | | ठीकै | | थोरै | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | २९ | ५८ | २० | ४० | १ | २ |
| ३ | तपाईप्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण | | ठीकै | | अभद्र/अमर्यादित | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | ४२ | ८४ | ८ | १६ | ० | ० |

| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु ( प्रमाण-कागजात र शुल्क-दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | अति स्पष्ट गरिदिए | | ठीकै | | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए | |
|---|---|---|---|---|---|---|---|
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | ३५ | ७० | १५ | ३० | ० | ० |
| ५ | तपाईले राख्नुभएको समस्यालाई के कस्तो समाधार दिए ? | अति सजिलो तरिबाट समाधान दिए | | ठीकै | | समाधार दिन सकेनन् | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | २९ | ५८ | २० | ४० | १ | २ |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो लाग्यो ? | अति सजिलो | | ठीकै | | लामो र झन्झटिलो | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | ३३ | ६६ | १५ | ३० | २ | ४ |

### ३. नागरिकहरुबाट प्राप्त सकरात्मक पक्षहरु

- सम्बन्धित फाँटबाट नै समस्याको समाधान हुने गरेको ।
- सेवाग्राहीको अपेक्षा अनरुप नै कार्य भएको ।
- नगरपालिकाको भवन राम्रो तथा सुविधायुक्त रहेको ।
- समयमा नै काम हुने गरेको ।
- बिना झण्झट काम हुने गरेको ।
- कर्मचारीको ब्यवहार राम्रो तथा मिलनसार रहेको ।
- नगरपालिकामा सोधपुछ कक्ष रहेकोले सजिलो भएको ।

### ४. नागरिकहरुबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु

- नगरको पञ्चबर्षिय योजना बनाई कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- योजनाहरुलाई प्राथमिकीकरण गरी अति आवश्यक योजनाहरुलाई अगाडि बढाउनु पर्ने ।
- टुक्रे योजनाहरुलाई अन्य गर्नूपर्ने ।
- नगरभित्रमा ग्रामीण सडकहरुको सुधार तथा स्तारोन्नत्ती गर्नुपर्ने ।
- मन्थली नगरका बाटोमा रहेको धुलो नियन्त्रण गर्नुपर्ने ।
- सडक निर्माण गर्दा अनिवार्य रुपमा नाला तथा ढलको ब्यवस्थापन गर्नुपर्ने ।
- न्यायीक समितिबाट मुद्धा छिटो छरितो विधिबाट टुङ्ग्याउनु पर्ने ।
- नगरपालिकाको फाँट तथा कार्य विवरणको बारेमा नागरिकलाई सहज तरिकाबाट थाहा पाउने ब्यवस्था मिलाउनु पर्ने ।

**समाप्त**

**अनुसुची-३**

**सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन तालिका**

मन्थली नगरपालिकाद्वारा चालु आ.व.२०७५/०७६ को दोस्रो चौमासिकअवधिमा संचालित विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक

सार्वजनिक सुनुवाइ

३० फागुन २०७५

मन्थली नपा-१४, फुलासी पोखरीडाँडा

- ❖ मन्थली नगरपालिका तथा जिल्लाका सेवा प्रदायकहरुको काम कारबाही,सेवा प्रबाह,योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच अन्तरक्रिया गराउने ।
- ❖ सेवाग्राही प्रति सेवाप्रदायक तथा निर्वाचित जनप्रतिनिधिहरुलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।
- ❖ आगामि दिनहरुमा सेवा सुधारको लागि मार्ग निर्देशन गर्ने ।
- ❖ सूचनाको हकको प्रत्याभूति गराउने ।

**आयोजक :** मन्थली नगरपालिकाको कार्यालय मन्थली

**सहजीकरण :** सान नेपाल रामेछाप

**कार्यक्रम**

- ❖ मिति : **२०७५ फागुन ३० गते (विहिवार)**
- ❖ स्थान : **मन्थली नपा-१४, फुलासी पोखरीडाँडा**
- ❖ समय : **दिनको ११ बजेबाट**

**(पहिलो सत्र-परिचय खण्ड)**

१. संचालन :- उमङ्ग मैनाली

२.**जवाफदेही वक्ताहरु**

- ❖ मन्थली नगरपालिकाका मेयर **श्री रमेश कुमार बस्नेत**
- ❖ रामेछापका प्रमुख जिल्ला अधिकारी **श्री कृष्ण प्रसाद शर्मा**
- ❖ जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी नायव उपरिक्षक **श्री सन्तोष कुमार भट्टराई**
- ❖ मन्थली नगरपालिकाका वडा नं १४ का वडा अध्यक्ष **श्री भरतसिंह बाइवा**
- ❖ मन्थली नगरपालिकाका वडा नं १३ का वडा अध्यक्ष **श्री राजेन्द्र चौहान**
- ❖ मन्थली नगरपालिकाका वडा नं १२ का वडा अध्यक्ष **श्री कृष्णहरि अधिकारी**
- ❖ मन्थली नगरपालिकाका वडा नं १० का वडा अध्यक्ष **श्री भरत बहादुर बोहरा**
- ❖ मन्थली नगरपालिकाका वडा नं ९ का वडा अध्यक्ष **श्री बुद्धिबहादुर पुलामी**

**३.अतिथिहरु**

- ❖ यूवा संघ रामेछापका अध्यक्ष **श्री बुद्ध लामा**
- ❖ प्राविधिक शाखा प्रमुख ईन्जिनीयर **श्री डिल्लीबहादुर अधिकारी**
- ❖ नेपाल पत्रकार महासंघ रामेछापका उपाध्यक्ष **श्री कैलाश खत्री**
- ❖ सूचना तथा प्रविधि अधिकृत **श्री सन्देश चौलागाई**

निमन्त्रणा स्वीकार गरेर उपस्थित सबै वडा अध्यक्षहरु सहित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विभिन्न गैर सरकारी संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगाएत संचार संस्थाका प्रतिनिधिहरु,बुद्धिजिवी,समाजसेवी, राजनैतिक दलका प्रतिनिधिहरु लगाएत कार्यक्रममा उपस्थित सबैलाई यथास्थानमा तालीको आसन ग्रहणको लागि अनुरोध ।

४.कार्यक्रममा स्वागत सहित कार्यक्रमको उद्देश्य जानकारी साथै आचार संहिता प्रस्तुत (कार्यक्रमभर लागू हुने गरी : संचालक

५.जवाफदेही वक्ताहरुलाई

**क**) मन्थली नगरपालिकाका मेयर **श्री रमेश कुमार बस्नेत**

- ❖ मन्थली नगरपालिकाद्धारा चालु आ.व २०७५/०७६ को दोस्रो चौमासिक अवधिमा संचालित कार्यक्रमहरु, प्राप्त उपलब्धी र समस्याहरुको बारेमा जानकारी गराउने
- ❖ **प्रतिवद्धता नं १** मन्थली नगरपालिकाको वडाहरुबाट संचालन गरिने योजनाहरुको अनिवार्य अनुगमन पश्चात् मात्र फछ्र्यौट गर्ने/गराउने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

  ..........................................................................................

- ❖ **प्रतिवद्धता नं २** रामेछापका सडकमा संचालन हुने सबारी साधनले भाडा बढी लिएको गुनासालाई मध्यनजर गर्दै यथासक्य छिटो भाडादर अनुसार कार्यान्वयन गर्न/गराउन प्रतिबद्धता ब्यक्त गर्दछौं ।

  ..........................................................................................

- ❖ **प्रतिवद्धता नं** ३ मन्थली नगरपालिकाका वडा कार्यालयबाट नै सेवा प्रवाह नभएको सन्दर्भमा यही मंसिर १५ गतेभित्र अनिवार्य सबै वडा कार्यालयहरुबाट नै सेवा प्रवाह गर्न/गराउन प्रतिबद्धता ब्यक्त गर्दछौं ।

..........................................................................................

**बहिर्गमन अभिमतको नतिजा सार्वजनिकीकरण**

**(दोस्रो सत्र -प्रश्नोत्तर खण्ड)**

६. सार्वजनिक सुनुवाईको प्रतिक्रिया तथा उत्तर दिनुहुन :

- ❖ मन्थली नगरपालिकाका वडा नं १२ का वडा अध्यक्ष **श्री कृष्णहरि अधिकारी**
- ❖ मन्थली नगरपालिकाका वडा नं १४ का वडा अध्यक्ष **श्री भरतसिंह बाइवा**
- ❖ जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी नायव उपरिक्षक **श्री सन्तोष कुमार भट्टराई**
- ❖ रामेछापका प्रमुख जिल्ला अधिकारी **श्री कृष्ण प्रसाद शर्मा**

७. उत्तर सहित समापन तथा धन्यवाद : मन्थली नगरपालिकाका मेयर **श्री रमेश कुमार बस्नेत**

८. प्रतिबद्धता तयारी तथा हस्ताक्षर

**चिया, खाजा**